# मुद्दा व्यवस्थापनका लागि बार र बेन्चबिच अन्तरक्रिया कार्यक्रम सम्पन्न

विशेष अदालतको आयोजनामा यस अदालतमा विचाराधीन मुद्दाका व्यवस्थापनको सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। विशेष अदालतमा विचाराधीन मुद्दाहरूमध्ये पुराना मुद्दाहरूको व्यवस्थापन, बहस व्यवस्थापन, पेसी व्यवस्थापन र अन्य समसामयिक विषयमा आयोजित छलफल कार्यक्रमको अध्यक्षता विशेष अदालतका अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलको गर्नुभएको थियो भने सञ्चालन शाखा अधिकृत श्री यज्ञराज रेग्मीले गर्नुभएको थियो।

उक्त कार्यक्रममा विशेष अदालतका रजिस्ट्रार श्री अशोक कुमार क्षेत्रीले विशेष अदालतमा विचाराधीन मुद्दाको लगत र फछ्र्यौटको अवस्था, मुद्दाको सालगत विवरण, वार्षिक कार्ययोजना, २०८०/०८१ मा गरिने मुद्दाको फछ्र्यौटको लक्ष्य, बारअनुसारको पेसीको व्यवस्थापनका सम्बन्धमा प्रस्तुतीकरण गर्नुहुँदै न्यायमा पहुँच स्थापित गर्न र सबैका लागि न्याय सुनिश्चितता गर्न बार र बेन्चको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो।

अन्तरक्रिया कार्यक्रममा विशेष अदालतका अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलले अदालतका कामकारवाहीलाई प्रभावकारी बनाउने दायित्त्व बार र बेन्च दुवैको भएकाले मुद्दाको व्यवस्थापन तथा छिटो फछ्र्यौटका लागि काबुबाहिरको परिस्थिति सिर्जना भएको अवस्थामा बाहेक पेसी स्थगित नगर्न अनुरोध गर्नुभयो। मुद्दाको फछ्र्यौट छिटोछरितो बनाउन बारको भूमिका महत्त्वपूर्ण हुने उहाँको भनाई थियो।

कार्यक्रममा सहभागी हुनुभएका विशेष सरकारी वकिल कार्यालयका सरकारी वकिल, विद्वान वरिष्ठ अधिवक्ता, अधिवक्ता तथा विशेष अदालत बार एसोसिएसनका पदाधिकारीले विशेष अदालतबाट मुद्दाको फछ्र्यौटमा भएको कार्यको प्रशंसा गर्नुभयो। उहाँहरूले मुद्दाहरूलाई थप व्यवस्थापन तथा फछ्र्यौटलाई गति दिन Lead Lawyer अवधारणा लागू गर्ने, बहसको समय निधारण गर्ने, इजलास थप गर्ने, अनलाइन तारिखलाई व्यवस्थित बनाउने, E- Court Technology को अवधारणा लागू गर्ने, सवालमा केन्द्रित बहस प्रणाली र आदेशमा एकरूपता कायम गर्ने विषयमा समेत छलफल गर्नुभयो। साथै सहभागिहरूले विशेष अदालतले प्रस्ताव गरेको बारअनुसारको पेसी व्यवस्थापनमा दुर्गम क्षेत्रका मुद्दा, उपभोक्ता समितिहरू संलग्न रहेका मुद्दा र कर्मचारीमा बढुवा/निवृत्तिभरणजस्ता विषय समावेश भएका मुद्दालाई प्राथिकता दिनु उपयुक्त भएको बताउनुभयो।

कार्यक्रममा विशेष अदालतका अध्यक्ष एवम् सदस्य माननीय न्यायाधीशहरू, रजिस्ट्रार, विशेष सरकारी वकिल कार्यालयका प्रमुख एवम् सरकारी वकिल, विशेष अदालत बार एसोसिएसनका अध्यक्ष एवम् पदाधिकारी, विद्वान वरिष्ठ अधिवक्ताहरू एवम् अधिवक्तालगायत विशेष अदालतका कर्मचारीहरूको समेत सहभागिता रहेको थियो।

मिति : २०८०।०४।१९

२०८०।०४।१९

यज्ञराज रेग्मी
शाखा अधिकृत


विशेष अदालत काठमाडौं
मुद्दा व्यवस्थापनका सम्बन्धमा
बार र बेन्चबीच अन्तरक्रिया कार्यक्रम
स्थान: विशेष अदालतको सभाहल
मिति : २०८०/०४/१९
विशेष अदालत काठमाडौं
२०५९


PREMIUM


वार्षिक कार्ययोजना, २०८०/०८१ मा मुद्दाको फछ्र्योट लक्ष्य
क. जिम्मेवारी सरेका मुद्दा फछ्र्योट गर्ने: (३५९ थान)
कार्य
कार्यसम्पादन सूचक
समयावधि
२०७८ असारसम्मका बक्यौता मुद्दाहरू (१०६ थान) फछ्र्योट गर्ने।
फैसला
२०८० माघ मसान्तसम्म
२०७९ असारसम्मका बक्यौता मुद्दाहरू (९३ थान) फछ्र्योट गर्ने।
फैसला
२०८१ वैशाख मसान्तसम्म
२०८० असारसम्मका बक्यौता मुद्दाहरू (१६० थान) फछ्र्योट गर्ने।
फैसला
२०८१ असार मसान्तसम्म
ख. नयाँ दर्ता हुने मुद्दा र निवेदन फछ्र्योट गर्ने: (८४ थान)
कार्य
कार्यसम्पादन सूचक
समयावधि
चालु आर्थिक वर्षमा दर्ता हुने अनुमानित १६८ थान मुद्दाहरूमध्ये कम्तीमा ५० प्रतिशतले हुने ८४ थान मुद्दाहरू फछ्र्योट गर्ने।
फैसला
२०८१ असार मसान्तसम्म
इजलासमा पेस हुने निवेदनहरू दर्ता भएको भोलिपल्ट पेस गर्ने र फछ्र्योट गर्ने।
आदेश
निरन्तर
विशेष अदालत काठमाडौं


PREMIUM
passion
PREMIUM


विशेष अदालत काठमाडौं
PREMIUM
PREMIUM
PREMIUM




बि.अ.जि.स्वा.पा.नं.-११८/९ ०७८/७९
बि.अ.जि.स्वा.नं.-११८/१० ०७८/७९
passion
PREMIUM
PREMIUM


PREMIUM


PREMIUM
PREMIUM
passion
The lifetime tissue
100


विशेष अदालत काठमाडौं
२०५९
PREMIUM
PREMIUM
PREMIUM
passion


विशेष अदालत काठमाडौं
Free Wi-Fi
PREMIUM
passion



अदालत काठमाडौं
PREMIUM
PARIBESH
बि.अ.जि.खा.पा.नं.-११८/८ ०७८/७९
PREMIUM
100 PULLS 2 PLY
बि.अ.जि.खा.पा.नं.-११८/४ ०७८/७९